रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

# रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :८ संख्या : १० मिति : २०८१/०६/२२

## भाग २

## रंगेली नगरपालिका

## रंगेली नगरपालिकाको नगर प्रहरी व्यवस्था सम्बन्धी कार्यविधि ,प्रथम संशोधन २०८१

नगरपालिका बाट स्वीकृत मितिः २०८१/०६/१५

**रंगेली नगरपालिकाको नगर प्रहरी व्यवस्था सम्बन्धी कार्यविधि (प्रथम संशोधन), २०८१**

**प्रस्तावनाः** रंगेली नगरपालिकाको नगर प्रहरी व्यवस्था सम्बन्धी कार्यविधि, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरकार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम " रंगेली नगरपालिकाको नगर प्रहरी व्यवस्था सम्बन्धी कार्यविधि (प्रथम संशोधन), २०८१" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **रंगेली नगरपालिकाको नगर प्रहरी व्यवस्था सम्बन्धी कार्यविधि,२०८१ को दफा ३.२ ख सँग सम्बन्धित देहाय बमोजिम थप तथा संशोधन गरिएको छ ।**

मान्यता प्राप्त शैक्षिक संस्थावाट (एसइई वा सो सरह ) उत्तीर्ण गरेको वा नेपाली सेना, जनपद वा सशस्त्र प्रहरीको समान पदबाट सेवा निवृत्त भएकाको हकमा निजको साविकमा सेवा निवृत्त भएको शैक्षिक योग्यतालाई मान्यता दिइनेछ ।

३. **रंगेली नगरपालिकाको नगर प्रहरी व्यवस्था सम्बन्धी कार्यविधि,२०८१ को दफा ४ को उपदफा ४.२ सँग सम्बन्धित देहाय बमोजिम संशोधन गरिएको छ ।**

**प्रारम्भिक स्वास्थ्य र शारीरिक तन्दुरुस्ती परीक्षणः** प्रारम्भिक स्वास्थ्य र शारीरिक तन्दुरुस्ती परीक्षण तथा छनौट परीक्षाका लागि रंगेली अस्पतालले तोकेको फिजिसियन वा मेडिकल अधिकृतको संयोजकत्वमा इलाका प्रहरी कार्यालयले तोकेको कम्तीमा प्रहरी सहायक निरिक्षक सदस्य र संयोजकले तोकेको नगरपालिकाको प्रतिनिधी कर्मचारी सदस्य रहने गरी ३ सदस्यीय उपसमिति रहनेछ। प्रारम्भिक स्वास्थ्य र शारीरिक तन्दुरुस्ती परीक्षण तथा छनौट परीक्षा तोकिए अनुसार सम्पन्न गरी सोको नतीजा पदपूर्ती समितिलाई वुझाउनु पर्नेछ।अन्य व्यवस्था पदपूर्ती उप-समितिले निर्धारण गरे बमोजिम हुनेछ।उप समितिको सिफारिसका आधारमा पदपुर्ती समितिले प्रारम्भिक स्वास्थ्य र शारिरिक तन्दुरुस्ती परीक्षणको नतिजा प्रकाशन गर्नेछ। प्रारम्भिक स्वास्थ्य र शारीरिक तन्दुरुस्ती परीक्षणमा उत्तीर्ण भएका उम्मेद्वारहरुलाई मात्र अन्य चरणका परीक्षाहरुमा सहभागी गराईने छ।

प्रारम्भिक स्वास्थ्य र शारीरिक तन्दुरुस्ती परीक्षणमा जाँच गरिने मापदण्डहरु अनुसूची ५ क अनुसार हुनेछन्।

४. **रंगेली नगरपालिकाको नगर प्रहरी व्यवस्था सम्बन्धी कार्यविधि,२०८१ को दफा ४.३ ख र ङ सँग सम्बन्धित देहाय बमोजिम संशोधन गरिएको छ ।**

द्वितीय श्रेणी -४.५ अंक तृतीय श्रेणी-४ अंक

५. **रंगेली नगरपालिकाको नगर प्रहरी व्यवस्था सम्बन्धी कार्यविधि,२०८१ को दफा ९ को उपदफा ९.१,९.२,९.३,९.४ हटाई देहाय बमोजिम कायम गरिएको छ ।**

**अस्पताल सुरक्षाकर्मी सम्बन्धी व्यवस्था**

रंगेली अस्पतालमा चौविसै घण्टा सुरक्षा प्रबन्ध मिलाउन अस्पताल संचालन तथा व्यवस्थापन समितिको निर्णय सहित माग गरेमा नगरपालिकाले अस्पताल सुरक्षाका लागि नगर प्रहरी अस्पतालमा कामकाजकोलागि पठाउनेछ। अस्पतालमा खटिएका नगर प्रहरीहरुको परिचालन तथा निजहरुको कार्यविवरण अस्पतालको मेडिकल सुपरिटेन्डेन्टले उपलब्ध गराउनेछ।

**६. रंगेली नगरपालिकाको नगर प्रहरी व्यवस्था सम्बन्धी कार्यविधि,२०८१ को अनुसूची ३ को बुदा सँग सम्बन्धित देहाय बमोजिम संशोधन र हटाइएको छ ।**

**बुदा नं ५ मा संशोधनः** दोस्रो पक्षले रंगेली नगरपालिकाको नगर प्रहरी व्यवस्था सम्बन्धी कार्यविधी, २०८१ बमोजिमको बिदा पाउनेछ।

**बुदा नं. ६ र ७ हटाइएको**

**७. रंगेली नगरपालिकाको नगर प्रहरी व्यवस्था सम्बन्धी कार्यविधि,२०८१ को दफा ४ को उपदफा ४.२ संग सम्बन्धित अनुसूची ५ क मा देहाय बमोजिम थप गरिएको छ ।**

अनुसूची ५ क

(दफा ४ को उपदफा ४.२ संग सम्बन्धित)

प्रारम्भिक स्वास्थ्य परीक्षण (फिजिकल फिट्नेस) मा अयोग्य हुने अवस्थाहरु

१. अंगभंग/कुरूप देखिने

२. हात खुट्टा बाङ्गो-टिङ्गो र औंलाहरू ठिक नभएको

३. घुंडा Knee Lock भएको अथवा Rickets भई फाटिएको (K2 र K2 भन्दा माथिको

४. धेरै चेप्टो पैताला भएको (भालु पाईले)

५ .प्रष्ट बोली नभएको, भकभके

६ .लठ्यौरो

७ .ढाड कुप्रो भएको

८ .शरीर पुरा झुकाउन नसक्ने

९ . जिउ कोल्टे परेको (बाङगो शरीर भएको)

१०. दुवी भएको

११. लुरे (उचाई अनुसार अत्याधिक दुब्लो कम्तीमा ५० के.जी. पुरुष र ४२ के. जी. महिला

१२. आंखा डेढो भएको

१३. कुनै एक आँखा चिम्लन नसक्ने

१४. उचाई अनुसार हुनुपर्ने तौल भन्दा अत्याधिक बढी तौल भएको

१५. शरीर मोटो तर हात खुट्टा झिनो देखिने अनुहारमा अस्वाभाविक दागहरू भएको

१६. दुई वटा दुई भन्दा बढी दाँत किराले खाएको वा झरेको

१७. भेरिकोच वा नशा फुल्ने भएको

१८. अनुहारमा अस्वभाविक दागहरु भएको ।

स्वास्थ्य परीक्षणमा गरिने परीक्षणहरु

1. Height, weight and chest measurement.(पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाइ ५ फिट तौल ४२ के.जी. भएको हुनुपर्नेछ)

2. Ear, Nose and Throat Check up..

3. Dental Check up..

4. Blood Pressure and pulse check up.

5. Eye Test-Vision Power (आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको)

6. General Personality Observation.

7. HIV and AIDS

**नोटः** शारीरिक तन्दुरुस्ती परीक्षणमा रहने इभेन्ट्सहरु तथा तिनको मानकहरु प्रहरी सेवाको सम्बन्धित पदका लागि निर्धारण भए बमोजिम हुनेछ ।

**आज्ञाले**

**श्री ओमकार प्रसाद न्यौपाने**

**प्रमुख प्रशासकीय अधिकृत**